आज मिती २०७७ साल मंसिर महिनाको १५ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

**उपस्थिती**

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।०८।१५

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. महिला स्वास्थ्य स्वयम् सेविकाहरुको भत्ता सम्वन्धमा ।

२. महिला स्वास्थ्य स्वयम् सेविकाहरुको पोषण सम्वन्धी क्षमता अभिबृद्धि तालिम सम्वन्धमा ।

३. न्यानो झोला खरिद सम्वन्धमा ।

४. नगरभरीका विद्यालयहरुलाई खेलकुद सामाग्री खरिद गरि वितरण गर्ने सम्वन्धमा ।

५. अपांग कार्यक्रम सम्वन्धमा ।

६. महिला कार्यक्रम सम्वन्धमा ।

७. गहुँको विउँ खरिद गरी वितरण गरेको लागत सहभागिताको रकम सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको महिला स्वास्थ्य स्वयम् सेविकाहरुको भत्ता सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत कार्यरत रहेका महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई नगरपालिकाको छैठौं नगरसभाको पेज नं. १० को सि.नं. ५६ मा स्वास्थ्य संस्थाहरुलाई सहायता तथा विभिन्न सरुवा रोग महामारी नियन्त्रण कार्यक्रमको खर्च शिर्षक २५३१२ मा रु. ५०,००,०००।०० विनियोजन भएको मध्ये महिला स्वास्थ्य स्वयम् सेवीकाहरुको प्रोत्साहन भत्ता रु. ४,१७,०००।०० दिने निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको महिला स्वास्थ्य स्वयम् सेविकाहरुको पोषण सम्वन्धी क्षमता अभिबृद्धि तालिम सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्र्गतत कार्यरत महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई पोषण सम्वन्धी क्षमता अभिबृद्धि तालिम संचालनको लागि नगरपालिकाको छैठौं नगरसभाको पेज नं. १० को सि.नं. ५६ मा स्वास्थ्य संस्थाहरुलाई सहायता तथा विभिन्न सरुवा रोग महामारी नियन्त्रण कार्यक्रमको खर्च शिर्षक २५३१२ मा रु. ५०,००,०००।०० विनियोजन भएको मध्ये रु. ३,००,०००।०० खर्च हुने गरी तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको न्यानो झोला खरिद सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेका प्रसुती केन्द्रहरुको लागि न्यानो झोल खरिद गर्न नगरपालिकाको छैठौं नगरसभाको पेज नं. ३९ को सि.नं. ७२ मा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्वभती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमको नेपाल सरकारको सशर्त नगद अनुदान रु. २९,९०,०००।०० विनियोजन

हरिपुर नगरपालिका सर्लाही

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही

मिती २०७७।०८।१५

भएको मध्ये रु. ४,९५,०००।०० को न्यानो झोला कोटेशन विधीबाट खरिद गरी प्रसुती केन्द्रलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको नगरभरीका विद्यालयहरुलाई खेलकुद सामाग्री खरिद गरि वितरण गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७७।०७८ को छैठौं नगरसभाको हरिपुर नगरपालिका क्षेत्रभरी युवा तथा खेलकुद विकास कार्यक्रमको सि.नं. ४४ खर्च शिर्षक २२५२९ मा रु. ६,००,०००।०० विनियोजन भएको रकम मध्ये रु. ३,००,०००।०० नगरभरीका विद्यालयहरुबाट खेलकुद सामाग्री माग भई आएकाले कोटेशन विधीबाट खरिद गरी विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको अपांग कार्यक्रम सम्बन्धि प्रस्तावमा छलफल यस नगरपालिकाबाट अपांग कार्यक्रम संचालन गर्न छैठौ नगरसभाको पेज नं. ८ सि.नं. ३६ अपांग कार्यक्रम खर्च शिर्षक नं. २२५२९ मा रु. ५,००,०००।०० विनियोजन भएको रकमबाट अपांग दिवशको लागि रकम रु. २०,०००।००, नगरभरी अपांग कार्ड छपाई तथा वितरण गर्न रकम रु. ३०,०००।०० र नगरभरीका अपांगहरुलाई व्हील चियर खरिद गरी वितरण गर्न रकम रु. २,००,०००।०० गरी जम्मा २,५०,०००।०० खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको महिला कार्यक्रम सम्बन्धि प्रस्तावमा छलफल यस नगरपालिकामा महिला कार्यक्रम संचालन गर्न छैठौं नगरसभाको पेज नं. ८ सि.नं. ३३ मा सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्चको खर्च शिर्षक नं. २२५१२ मा रकम रु. १३,००,०००।०० विनियोजित रकम मध्येबाट प्रत्येक वडा तथा नगरस्तरिय १६ दिने लैंगिक हिंसा विरुद्धको कार्यक्रम संचालन गर्नको लागि रकम रु. २,००,०००।०० र किशोरी आत्मरक्षा तालिम गर्न रकम रु. १,००,०००।०० गरी जम्मा रु. ३,००,०००।०० कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको गहुँको विउँ खरिद गरी वितरण गरेको लागत सहभागिताको रकम सम्बन्धि प्रस्तावमा छलफल यस नगरपालिकाबाट गहुँको विउ खरिद गरी कृषकहरुबाट ३० प्रतिशत लागत सहभागीताबाट उठेको रकमबाट थप गहुँको विउँ खरिद गरी वितरण गर्ने निर्णय गरियो ।